यस व्यास नगरपालिकाको १५५ औं बैठक आज मिति २०७९/९/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | उपस्थित |
| का.वा.अध्यक्ष १३ | श्री मधुमाया घर्ती | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०७९/८/२१ गते भएको कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: ३८ औं नगर सभामा पेश गर्ने विधेयक सम्बन्धमा ।
प्रस्ताव नं.३: सरसफाई एवं आधुनिक कृषि व्यवस्थापन केन्द्र स्थापनाका लागि जग्गा खरिद सम्बन्धमा ।
प्रस्ताव नं.४: सामी परियोजना अन्तर्गत रोजगार प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: योजना आयोगमा विशेष एवं समपूरक योजना प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.६: विद्यालय दरबन्दी एवं विषय परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.७: नगरपालिका संगठन संरचनामा पुनर्मूल्याङ्कन सम्बन्धमा ।
प्रस्ताव नं.८: मा.वि. शिक्षक स्थायी दरबन्दीमा पदस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.९: पुस्तकालय एवं विज्ञान प्रयोगशाला अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.१०: जीर्ण एवं विपद्जन्य रुखहरु कटान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: विपद्जन्य तथा अत्यावश्यक विषयमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१२: स्वास्थ्य संस्था नविकरण सम्बन्धमा ।
प्रस्ताव नं.१३: झलुङ्गे पुल निर्माण सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.१४: मृगौला प्रत्यारोपण, डाइलासिस, क्यान्सर बिरामीलाई नियमित भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१५: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१६: व्यास नगरपालिका निर्माण व्यवसायी इजाजतपत्र नियमित गर्न कार्यविधि संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१७: घर भाडा सम्बन्धमा ।
प्रस्ताव नं.१८: स्मार्ट विद्यालय सन्चालन सहभागिता सम्बन्धमा ।
प्रस्ताव नं.१९: शिर्षक परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२०: स्वास्थ्य सेवा पदपूर्ति समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२१: अर्थ मन्त्रालयमा बजेट पेश सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/८/२१ गते भएका कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७९/९/२८ र २९ गते हुने नगर सभामा निम्न लिखित विधेयकहरु विधायन समिति मार्फत प्रस्ताव गर्नका लागि सम्बन्धित विषय समितिले मस्यौदा तयार गरी पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

(क) स्थानीय सवारी यातायात व्यवस्थापन विधेयक, २०७९ ।
(ख) स्थानीय वन विधेयक, २०७९ ।
(ग) स्थानीय योजना आयोग (गठन र सञ्चालन) विधेयक, २०७९ ।
(घ) स्थानीय संघ/संस्था दर्ता तथा नियमन विधेयक, २०७९ ।
(ङ) स्थानीय वातावरणीय तथा प्राकृतिक श्रोत संरक्षण विधेयक, २०७९ ।
(च) स्थानीय स्वास्थ्य विधेयक, २०७९ ।
(छ) अन्य ऐनहरु संशोधन प्रस्ताव पेश गर्ने ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको एकिकृत विकास योजना अन्तर्गत कृषिलाई पहिलो प्राथमिकतामा राखिएको र व्यास नगरपालिकाभित्र उत्सर्ग हुने फोहोरमैला व्यवस्थापनका लागि सरसफाई केन्द्र निर्माण गर्न नगरपालिकाको नाउँमा जग्गाको आवश्यकता परेकाले सरसफाई एवं आधुनिक कृषि व्यवस्थापन एकिकृत केन्द्र स्थापना गर्न व्यास नगरपालिका वडा नं. १३ करन स्थित युगिन कृषि फार्मको साविक केशवटार गा.पं. नक्सा नं. ७/झ कि.नं. ४, ५, ६, ८, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४,, ३६, ३७, ३७१ र ३७२ समेत २१ कित्ता जग्गामा कुल

क्षेत्रफल ३९-१५-१-३ खरिदका लागि स्थानीयसँग समन्वय गरी कानूनतः खरिद प्रकृया अघि बढाउने निर्णय गरियो । साथै खरिद प्रकृया अघि बढाउन नगरपालिका तर्फ आन्तरिक लेखापरीक्षण शाखाका प्रमुख श्री कुमार कंचन जि.सी.लाई प्रतिनिधि मुकरर गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, बैदेशिक रोजगार बोर्डको सचिवालयद्वारा प्रकाशित सूचना अनुसार बैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनः एकिकरण कार्यक्रम सञ्चालन गर्न प्रस्ताव माग भए बमोजिम प्रस्ताव तयार गरी लागत सहभागिताका आधारमा कार्यक्रम सञ्चालन गर्नका लागि बैदेशिक रोजगार बोर्डको सचिवालयमा प्रस्ताव स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय योजना आयोगमा निम्न लिखित योजना प्रस्ताव गर्ने निर्णय गरियो ।
(क) वडा नं. ३ को वडा कार्यालय भवनका लागि रू. २,००,००,०००/- (समपूरक) ।
(ख) सरसफाई केन्द्र स्थापनाका लागि मेशिन खरिद रू. ५,००,००,०००/- (विशेष) ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १० शिव मा.वि. दुम्सी बजार रिस्ती नि.मा.वि. मा रहेको विज्ञान विषयका राहत दरबन्दी व्यास ७ क्यामिन कोट मा.वि.मा सामाजिक विषय कायम गर्ने गरी र क्यामिन कोट मा.वि.मा रहेको सामाजिक विषयको रिक्त नि.मा.वि. दरबन्दी शिव मा.वि. दुम्सी बजारमा विज्ञान विषय कायम हुने गरी दरबन्दी कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका प्रशासनीक संगठन संरचनामा पुनर्मूल्याङ्कन गरी पुनसंरचना गर्नुपर्ने देखिदा आगामी नगरसभामा पेश गर्नका लागि आगामी कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा हालसालै विभिन्न विषयमा मा.वि. दरबन्दीमा सिफारिस भई आएका निम्न शिक्षकहरुलाई पदस्थापना निर्देशिका अनुसार विभिन्न विद्यालयमा पदस्थापन भएको र विस्थापनमा परेका निम्न लिखित शिक्षकहरुको नामावलीको जानकारी प्राप्त गरियो ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | विषय | विस्थापित शिक्षकको नाम, थर | पदस्थापन शिक्षकको नाम, थर | ठेगाना |
|---|---|---|---|---|---|---|
| १. | श्री जनजागृति गंगा मा.वि. | व्यास १३ | नेपाली | श्री तेजुमाया वाग्ले पौडेल | श्री सिद्धराज शर्मा | कञ्चनपुर |
| २. | श्री सिद्देश्वरी मा.वि. | व्यास १२ | नेपाली | श्री रविला न्यौपाने भण्डारी | श्री रस्मिका सुवेदी | बर्दिया |
| ३. | श्री केशवटार मा.वि. | व्यास १४ | नेपाली | श्री नविना थापा | श्री भरत बहादुर विष्ट | दैलेख |
| ४. | श्री बसाहस्थान मा.वि. | व्यास ९ | अंग्रेजी | श्री राजेन्द्र शर्मा | | |
| ५. | श्री माहेन्द्र मा.वि. | व्यास ९ | अंग्रेजी | श्री अञ्जु न्यौपाने | श्री भिमलाल भट्टराई | नवलपरासी |
| ६. | श्री क्यामिनकोट मा.वि. | व्यास ७ | अंग्रेजी | श्री शर्मिला देवकोटा | श्री आनन्दराज पौडेल | लमजुङ्ग |
| ७. | श्री अमरज्योती मा.वि. | व्यास १२ | अंग्रेजी | श्री बसन्त रानाभाट | श्री सरोज सुवेदी | नवलपरासी |
| ८. | श्री महेन्द्र ज्योती मा.वि. | व्यास ६ | सामाजिक | श्री नविन लम्साल | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | माहेन्द्री मा.वि. | व्यास ९ | सामाजिक | श्री राजन अधिकारी | | |
| १०. | श्री क्यामिनकोट मा.वि. | व्यास ७ | सामाजिक | श्री पुरुषोत्तम न्यौपाने | श्री हरी प्रसाद गौतम | तनहुँ |
| ११. | श्री बाराही मा.वि. | व्यास ११ | गणित | श्री सन्तोष श्रेष्ठ | श्री भरत प्रसाद जैसी | नवलपरासी |
| १२. | श्री निर्मल मा.वि. | व्यास १ | विज्ञान | श्री प्रकाश लम्साल | | |
| १३. | श्री क्यामिनकोट मा.वि. | व्यास ७ | विज्ञान | श्री पियुष अधिकारी | श्री कुमार वि.सी. | |
| १४. | श्री केशवटार मा.वि. | व्यास १४ | विज्ञान | श्री सिमा श्रेष्ठ | श्री विनोद अर्याल | पाल्पा |
| १५. | श्री माहेन्द्री मा.वि. | व्यास ९ | विज्ञान | श्री प्रवीणकुमार बाँनिया | श्री सुनिल पौडेल | दाङ |
| १६. | श्री चण्डिदेवी रा.मा.वि. | व्यास १० | विज्ञान | श्री दिवस खनाल | श्री सिमा श्रेष्ठ | गोरखा |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा संघीय अनुदान अन्तर्गत निम्न लिखित विद्यालयहरुमा पुस्तकालय व्यवस्थापन एवं विज्ञान प्रयोगशाला अनुदान वितरणका लागि सिफारिस भई आएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**(क) पुस्तकालय तर्फ : प्रति विद्यालय ६,५०,०००/-**

१. माहेन्द्री माध्यमिक विद्यालय – व्यास ९
२. बाराही माध्यमिक विद्यालय – व्यास ११
३. शिव माध्यमिक विद्यालय – व्यास १०
४. शुक्र आधारभुत विद्यालय – व्यास ५

**(ख) विज्ञान प्रयोगशाला तर्फ : प्रति विद्यालय ६,५०,०००/-**

१. इन्दु माध्यमिक विद्यालय – व्यास ६
३. महेन्द्रज्योती माध्यमिक विद्यालय – व्यास ६
३. भानु माध्यमिक विद्यालय – व्यास १०

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ देउराली नगर भँयरथानमा रहेको जीर्ण पिपलको रुख र व्यास न.पा. वडा नं. ३ दुर्गा मन्दिर निर्माणस्थलमा रहेको जीर्ण सिमलको रुख कटानका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य र अत्यावश्यक निम्न कार्यमा सम्बन्धित बजेट शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | भुक्तानी रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | दमौली टोल मिलन मार्ग पोल स्थानान्तरण | १ | ५३,४३३/६२ | ९२१ |
| २. | गणेशमानचोक बालमन्दिर क्षेत्र खानेपानी पाइप व्यवस्थापन | १ | ३,४०,०००/- | ९२३ |
| ३. | वडा कार्यालय ढोका निर्माण | १ | २९,९५१/- | ९२२ |
| ४. | अकलाटोल, नाला निर्माण बाटो निकास खोल्ने | १ | २५,०००/- | ९३५ |

| | | | | |
|---|---|---|---|---|
| ५. | मोहरियाटार टोल भवन सार्वजनिक शौचालय निर्माण | १ | १,४०,०००/- | ९१८ |
| ६. | बिष्णुहरी न्यौपाने सिंचाई पाईप खरिद | १ | ५,०००/- | ९२० |
| ७. | मगर सुधार समाज भादगाउं | १ | ५,००,०००/- | ९१८ |
| ८. | अपाङ्गता उद्यमशीलता तथा नेतृत्व विकास रिसेड | २ | ३,००,०००/- | २०६ |
| ९. | अपाङ्गता महिला सशक्तिकरण समाज तनहुं व्यवसाय प्रवर्द्धन | २ | २,००,०००/- | २०६ |
| १०. | अपाङ्गता भएकाहरुको सर्वाङ्गीण विकास कार्यक्रम सहृदयी मञ्च | २ | २,००,०००/- | २०६ |
| ११. | व्यास नगर तमु सुधार आमा समुह ल्होसार पर्व व्यवस्थापन मादी पुल | ३ | ५०,०००/- | २४६ |
| १२. | तमु सेवा समूह, ल्होसार पर्व व्यवस्थापन देउरालीनगर | ३ | ५०,०००/- | २४६ |
| १३. | लियो क्लव तनहुँ सम्मेलन व्यवस्थापन | ३ | १,००,०००/- | २४४ |
| १४. | खिस्टीयन समाज रक्तदान कार्यक्रम सहयोग | ३ | २५,०००/- | २२१ |
| १५. | दमौलीयन्स युवा क्लव कार्यक्रम सहयोग | ४ | १,००,०००/- | २४९ |
| १६. | फूटवल गोल पोष्ट निर्माण पाइप खरिद | ५ | ७०,०००/- | ९१२ |
| १७. | बेलौती गैरा खानेपानी कुवा निर्माण मर्मत | ५ | १,००,०००/- | ९२३ |
| १८. | कण्टार चापाघाट खानेपानी टंकी संरक्षण | ५ | १,३०,०००/- | ९२३ |
| १९. | सर्मिला सुनार प्राविधिक शिक्षा अध्ययन | ६ | ३०,०००/- | १९९ |
| २०. | महेन्द्र ज्योति अगाडी आले फर्निचर ठाडोबाटो ग्राभेल मर्मत | ६ | १,२५,०००/- | ९३५ |
| २१. | अभिसेक सुनार प्राविधिक शिक्षा अध्ययन | ७ | ३०,०००/- | १९९ |
| २२. | रस्सि सुनार अध्ययन सहयोग | ७ | १०,०००/- | १९९ |
| २३. | शहिद धर्म युवा क्लव, फुटवल प्रतियोगिता | ८ | १,००,०००/- | २४९ |
| २४. | पोखरीडाँडा मुस्लिम अतिथी भवन निर्माण मर्मत | ९ | १,४०,०००/- | ९१८ |
| २५. | कृषि प्राविधिक मोहन बि.क. उपचार खर्च | ९ | ४०,०००/- | ५३ |
| २६. | बोक्सेगैह्रा खानेपानी पाइप खरिद | १० | ३५,०००/- | ९२३ |
| २७. | कृषिउपज केन्द्र नजिक साँगुरो सडक फराक गर्ने | १० | ४५,०००/- | ९३५ |
| २८. | चतुरे दमै घरगोठ आगलागी राहत | १० | १०,०००/- | विपद |
| २९. | शान्तिनगर टोल तरकारी खेती पाइप खरिद | १० | ४०,०००/- | ९२० |
| ३०. | छाङ्गा बाराही मन्दिर ट्रस निर्माण | १० | २,५०,०००/- | ९१८ |
| ३१. | राधाराम न्यौपाने खेत सिंचाई पाईप खरिद | १० | ७,९००/- | ९२० |
| ३२. | कालीडांडा तिवारी खोल्सी खानेपानी मोटर खरिद | १० | ७८,०००/- | ९२३ |
| ३३. | शान्तिनगर टोल वि. संस्था योग सामग्री खरिद सहयोग | १० | ४०,०००/- | ५७ |
| ३४. | धर्म बहादुर अधिकारी अपाङ्गता खाट खरिद | ११ | ४१,५००/- | २०६ |
| ३५. | विष्णु कृषि फार्म पाइप खरिद | ११ | १४,५००/- | २५१ |
| ३६. | तल्लो पोल्याङ्ग टोल विकास संस्था, विद्युतीय तार र पोल व्यवस्थापन | ११ | ४०,०००/- | ९२१ |
| ३७. | पोल्याङ्ग खानेपानी टंकी निर्माण मर्मत | ११ | १,००,०००/- | ९२३ |
| ३८. | फलेदीपानी कुवा संरक्षण | ११ | ४६,०००/- | ९२३ |
| ३९. | गौडा पहरा भालुखोला खानेपानी टंकी निर्माण पाईप खरिद | १२ | ७,४०,०००/- | ९२३ |

| | | | | |
|---|---|---|---|---|
| ४०. | लक्ष्मण पाण्डे गाइभैंसी अचानक मृत्यु | १३ | ६०,०००/- | विपद |
| ४१. | ठिन टोल बिजुली कालो तार व्यवस्थापन | १४ | ३,००,०००/- | ९२१ |
| ४२. | वातावरण तथा पार्किङ्ग शुल्क उठाउदा कर्मचारीले खाएको खाजा, खाना खर्च वापत | नगरपालिका | ९७,०००/- | ६२ |
| ४३. | आंकुरा फाउण्डेशन कक्षा १० मा अध्ययनरत छात्राहरुलाई वृत्ति विकास परामर्श सेवा | काठमाण्डौं | २,००,०००/- | २१८ |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित स्वास्थ्य संस्थाको आ.व. २०७९/०८० का लागि स्वास्थ्य शाखाको सिफारिसमा नविकरण गर्ने निर्णय गरियो ।

१. समाधान अस्पताल- व्यास २ मालपोत लाइन ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास १० बैरेनी बोटेगाउँ र व्यास ५ पतेनीटार जोड्ने झलुङ्गेपुल निर्माणका लागि सम्बन्धित निकाय सस्पेन्सन ब्रिज डिभिजन श्रीमहल पुल्चोकमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारको कार्यक्रम अनुसार मासिक रू.५,०००/- (पाँच हजार) पाउने बिरामीका लागि निम्न विवरणका आधारमा रू.१०,७५,०००/- शिर्षक ५३ बाट रकम भुक्तानी गरी सोधभर्ना माग गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | मृगौला प्रत्यारोपण | ५ |
| २. | क्यान्सर बिरामी | ४७ |
| ३. | डाइलासिस | २६ |
| ४. | मेरुदण्डको पक्षघात | ३ |
| | जम्मा | ८१ |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित वडाहरुबाट वडागत बजेट कार्यक्रम शिर्षक परिवर्तनका लागि सिफारिस भई आएकाले आगामी नगरसभाबाट अनुमोदन हुने गरी शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

(क) व्यास न.पा. वडा नं.२ को आ.व.२०७९/०८० का लागि वडागत बजेटबाट शिर्षक नं.३९५ मा विनियोजित रकम रू.३,००,०००/- (तिन लाख) सिद्धार्थ चोकबाट पश्चिम तर्फ सफा सडकसम्म ग्राभेल र कालोपत्रे योजनामा काम भईसकेकाले सो शिर्षक परिवर्तन गरी उक्त रकम अमरापुरी स्थित सावित्री अधिकारीको घर देखि नयाँ बनेको नाला निर्माण र पि.सि.सि. गर्ने कार्यमा लगाउने गरी शिर्षक परिवर्तन गर्ने ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि २०७७ लाई निम्न प्रावधान रहने गरी तेश्रो संशोधन गर्ने निर्णय गरियो ।

**(क) कार्यविधिको दफा ६ (२) मा संशोधनः**

- साविक (२) मा वाक्यहरु हटाई उपदफा १ बमोजिमको हद म्याद भित्र नविकरण नगर्ने निर्माण व्यवसायीको म्याद नाघेको मितिले ६ महिनाभित्र सबै प्रमाण पुर्‍याई नविकरण गर्नका लागि माग गरेमा दोब्बर दस्तुर लिई र सो म्याद पनि नाघेमा म्याद नाघेको मितिले १ बर्षभित्र आएमा तेब्बर दस्तुर लिई नविकरण गर्न सकिनेछ । हाल म्याद नाघी नविकरण हुन बाँकी रहेकाको हकमा ३ महिना भित्र आएमा तेब्बर दस्तुर लिई नविकरण गर्न सकिनेछ ।

**(ख) नियम ६ (२) पछि ६ (३) थप:**

- कुनै निर्माण व्यवसायीले आफ्नो नियमित 'घ' श्रेणीको इजाजत पत्र योग्यता पुगेको कसैलाई नामसारी गरिदिन चाहेमा नगर सभाले तोकेको नविकरण दस्तुरको दोब्बर दस्तुर बुझाएमा नियम ४ (२) बमोजिमको मूल्याङ्कन समितिबाट नामसारी गर्न सकिनेछ ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ कलेस्तीमा अस्थायी प्रहरी चौकी रहेको भवन भाडामा लिनका लागि २०७९ श्रावण १ गतेदेखि २०८० आषाढ मसान्तसम्म मासिक रू.२०,०००/- (बिस हजार) का दरले सम्झौता गरी भाडा लिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास १० स्थित सर्वज्योती मा.वि.लाई Smart School सञ्चालन नमुना विद्यालयका लागि ICT इटहरी नेपालबाट रू.१२,९१,५००/- बरावरको सहयोग प्राप्त हुने र विद्यालय सहभागिता रू.२,२०,०००/- लाग्ने प्रस्ताव आएकाले कार्यक्रम सञ्चालन हुँदाका बखत उक्त सहभागिता रकम यस नगरपालिकाबाट शिर्षक नं.९१० बाट उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० गणेश टोल गैह्राटार नयाँ ट्याक निर्माणको लागि बजेट शिर्षक क.सं.९२० बाट रू.१,५०,०००।- (एक लाख पचास हजार) विनियोजन भएकोमा शिर्षक परिवर्तन गरी ९३५ बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा स्वास्थ्य सेवा तर्फ विभिन्न पदहरु रिक्त रहन गई जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएकोले व्यास नगरपालिकामा करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को प्रथम संशोधन २०७७ को ६ बमोजिम निम्नानुसार स्वास्थ्य सेवा पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत श्री हरिराम नागिला – संयोजक
२. जनस्वास्थ्य अधिकृत (सातौं) श्री प्रमोद सोती – सदस्य
३. कम्प्युटर अधिकृत (सातौं) श्री गोकर्णराज वाग्ले – सदस्य
४. अधिकृत (सातौं) श्री रामचन्द्र हड्खले – सदस्य- सचिव

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल आगामी आर्थिक वर्षका राजश्व परामर्श समिति र श्रोत अनुमान तथा सिमा निर्धारण समितिबाट प्रस्ताव गरिए अनुसार निर्धारित ढाँचा बमोजिम आयव्यय प्रक्षेपण गरिएको हुँदा सो अनुसार अर्थ मन्त्रालयसँग बजेट माग गर्ने निर्णय गरियो ।